# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, बैशाख ७ गते २०५० साल (संख्या १

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

### विदेशी विनिमय (नियमित गर्ने) (तेस्रो संशोधन) नियमहरू, २०४९

विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० लाई संशोधन गर्न वान्छनीय भएकोले,

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसंग परामर्श गरी देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "विदेशी विनिमय (नियमित गर्ने) (तेस्रो संशोधन) नियमहरू, २०४९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ८ मा संशोधन:

विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० (यसपछि "मूल नियमावली' भनिएको) को नियम ८ को खण्ड (ख) मा रहेका "भारत र भुटान बाहेक अन्य देशहरूमा ६ महिना भन्दा बढी" भन्ने शब्दहरूको सट्टा "कुनै देशमा" भन्ने शब्द-हरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम १४ मा संशोधन: मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेका "सम्बन्धित निक्षेप परिचालनको हिसाब" भन्ने शब्दहरूको सट्टा "आफ्नै" भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छ:

"१६. खातामा रकम जम्मा गर्ने तरिका: परिवर्त्य विदेशी मुद्राको खाता खोल्न इच्छुक व्यक्तिले खाता खोल्नको लागि चाहिने न्यूनतम रकम र त्यस्तो खातामा जम्मा गर्नु पर्ने रकम बैंकिङ क्षेत्रबाट प्राप्त भुक्तानी (रेमिट्यान्स) वा ड्राफ्ट वा यात्रु चेक वा नगदद्वारा जम्मा गर्न सक्नेछ ।

तर त्यस्तो खाता खोल्दा वा त्यसरी खोलिएको खातामा पछि नगद जम्मा गर्ने तरिका, सो सम्बन्धमा पालना गर्नुपर्ने शर्तहरू नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।"

६. मूल नियमावलीमा नियम १८ र १९ थप: मूल नियमावलीको नियम १७ पछि देहायको नियम १८ र १९ थपिएका छन्;

"१८. खाता संचालन सम्बन्धी अन्य व्यवस्था: परिवर्त्य विदेशी मुद्राको खाता संचालनको सम्बन्धमा यी नियमहरूमा लेखिएदेखि बाहेक अन्य व्यवस्थाहरू नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

१९. सुविधाहरू प्रदान गर्न सकिने: परिवर्त्य विदेशी मुद्रामा खाता खोल्दा र उक्त खातामा जम्मा भएको रकम उपयोग गर्ने सम्बन्धमा प्रदान गरिने सुविधाहरू श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिन सक्नेछ ।"

७. खारेजी: मूल नियमावलीको नियम १७ खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम ८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी देहायका नेपाली नागरिक वा नेपालमा बसोबास गर्ने व्यक्तिहरू, नेपाल बाहिर बसोबास गर्ने व्यक्तिहरू वा विदेशी नागरिक तथा संघ, संस्थाहरूका नाउँमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. अन्तर्राष्ट्रिय संघ, संस्था, नियोग वा दूतावासमा काम गरी परिवर्त्य विदेशी मुद्रा तलब, भत्ता तथा पेन्सन पाउने व्यक्तिहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

68

२. नोकरी, सेवा, तालीम, सेमिनार, अध्ययन र व्यवसाय गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू,

३. विदेशी कम्पनीको एजेन्ट भई परिवर्त्य विदेशी मुद्रामा कमिशन पाउने व्यक्तिहरू,

४. नेपालमा दर्ता भई विदेशमा सेवा पुऱ्याइ परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने कम्पनी, फर्म र संगठित इकाइहरू,

५. परिवर्त्य विदेशी मुद्रामा तलब, भत्ता तथा कमिशन आदि पाउने विदेशी कम्पनीका प्रतिनिधिहरू,

६. अन्तर्राष्ट्रिय संघ, संस्था तथा प्रेसको प्रतिनिधि भई परिवर्त्य बिदेशी मुद्रामा तलब, भत्ता आदि पाउने व्यक्तिहरू,

७. लेख, रचना, पुरस्कार, रोयल्टी वापत परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरू,

८. कन्सल्टेन्सी कार्य गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यक्ति वा संस्थाहरू,

९. विदेशी नागरिक, संघ र संस्थाहरू,

१०. परिवर्त्य विदेशी मुद्रामा सहयोग, अनुदान पाउने नाफा आर्जन गर्ने उद्देश्य नभएका नेपालमा दर्ता भएका सामाजिक संघ संस्थाहरू ।

खण्ड ३५ संख्या १७, मिति २०४२।४।२१ र खण्ड ४१, संख्या ३९ मिति २०४८।९।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) नियमहरू, २०२० को नियम १९ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको सुविधाहरू दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्राको खातामा जम्मा हुन आएको रकम मध्ये पूँजीको रूपमा जम्मा हुन आएको परिवर्त्य विदेशी मुद्राको रकममा मात्र आयकर लाग्ने छैन ।

२. परिवर्त्य विदेशी मुद्राको खातामा जम्मा हुन आएको रकमबाट बोलकबोल प्रथा अन्तर्गतका सामानहरू बाहेक व्यक्तिगत प्रयोगका लागि आयात गरिने भनी तोकिए-का बस्तुहरू र खुला इजाजतपत्र (ओ. जि एल.) अन्तर्गत रहेका बस्तुहरू आयात गर्न दिइने छ ।

खण्ड ३५, संख्या १७ मिति २०४२।४।२१ र खण्ड ४१ संख्या ३९ मिति २०४८।९।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 62